का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक ३३६

❒ १५ माघ २०७८, शनिबार

❒ 29 January 2022, Saturday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।

# जम्बो कमिटी, मनमौजी निर्णय

जम्बो केन्द्रीय कार्य समिति बनाउने होडमा उत्रिएका प्रमुख राजनीतिक दलका प्रमुखहरुमा पार्टी निर्णय भने मनमौजी गर्ने प्रवृत्ति कायम देखिन्छ । त्यसका निम्ति इतर समूहलाई भने किनारामा धकेल्नेदेखि अनुकुल संरचना बनाउने गरिएको छ ।



केन्द्रीय कार्य समितिको भर्चुअल बैठकमा सहभागी हुँदै काँग्रेस सभापति शेरबहादुर दउवा । तस्वीरः रोशन सापकोटा

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ माघ ।

मंसिर अन्तिम साता सम्पन्न नेपाली काँग्रेसको १४औं राष्ट्रिय महाधिवेशनबाट दोस्रोपटक सभापति निर्वाचित सभापति शेरबहादुर देउवाले शुक्रबार केन्द्रीय कार्य समितिको बैठक राखे । कोरोना महामहारीका कारण भर्चुअल माध्यमबाट सभापति एवम् प्रधानमन्त्री देउवाले केन्द्रीय कार्य समिति बैठक राखेका थिए । तर बैठक तीन मिनेट पनि चलेन ।

बैठक शुरु भएको समाचार सार्वजनिक भइनसक्दै सभापति देउवाले समापन भएको जानकारी दिए । तीन मिनेट छोटो बैठकमा सभापति देउवाले गर्नुपर्ने निर्णय गरिसकेका थिए । केन्द्रीय कार्य सम्पादन बैठक गठन गर्न बैठक राखिएको थियो । कार्य सम्पादन समिति गठन भयो । यो छोटो बैठकमा सभापति देउवाको निर्देशनमा महामन्त्री गगन थापाले पदाधिकारी बाहेक २४ जनाको नाम प्रस्तुत गरे ।

त्यसमाथि कुनै छलफल भएन । केन्द्रीय कार्य समितिमा दुई तिहाइ बहुमत सभापति देउवा पक्षका केन्द्रीय सदस्य छन् । त्यसैले भर्चुअल बैठकमा प्रस्तुत नाम अनुमोदन भएको सूचना केन्द्रीय कार्यालयले सार्वजनिक गरेको छ । सभापति देउवाले केन्द्रीय कार्य समिति बैठकबाट निर्णय गराउन कठिन हुने भन्दै कार्य सम्पादन समितिको संरचना बनाएको उनी निकट एक नेता बताउँछन् । “जम्बो केन्द्रीय समिति बन्यो । पार्टी विधान अनुसार सबै निर्णय केन्द्रीय कार्य समितिबाट पारित गराउन प्राविधिक समस्या भएकाले कार्य सम्पादन समिति बनाइएको हो”, ती नेता भन्छन् ।

काँग्रेस विधान बमोजिम १३ सदस्यीय पदाधिकारी महाधिवेशनबाट निर्वाचित भएका छन् । डा.शेखर कोइराला प्यानलबाट पदाधिकारीमा पाँच जना छन् । सभापति निर्वाचित हुन देउवालाई रामचन्द्र पौडेल, कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंह, विमलेन्द्र निधिले समेत सहयोग गरेकाले कोइराला बाहेकको प्यानल काँग्रेसमा अस्तित्वमा अहिलेसम्म देखिएको छैन । त्यसैले सभापति देउवाका निम्ति निर्णय गराउन सहज भयो ।

कोइराला प्यानलबाट निर्वाचित महामन्त्री थापाले देउवाले तयार पारेको नामावली प्रस्तुत गरे । उक्त नामावलीमा सभापति देउवालाई साथ

– बाँकी पृष्ठ २ मा

## कार्य सम्पादन समिति

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| शेरबहादुर देउवा | फरमूल्लाह मन्सुर | किशोरसिंह राठौर | प्रकाशमान सिंह | चित्रलेखा यादव | डा.शेखर कोइराला | रमेश रिजाल | जीवनबहादुर शाही |
| पूर्णबहादुर खड्का | उमाकान्त चौधरी | बद्री पाण्डे | विमलेन्द्र निधि | डा.रामशरण महत | बलबहादुर केसी | डा.नारायण खड्का | आनन्द ढुंगाना । |
| धनराज गुरुङ | महालक्ष्मी उपाध्याय | जीवन परियार | बिजयकुमार गच्छदार | अर्जुननरसिंह केसी | बालकृष्ण खाँण | जीपछिरिङ लामा | |
| गगन थापा | भीष्मराज आङ्देम्बे | रामचन्द्र पौडेल | कृष्णप्रसाद सिटौला | डा.प्रकाशशरण महत | ज्ञानेन्द्रबहादुर कार्की | सुजाता कोइराला | |
| विश्वप्रकाश शर्मा | महेन्द्र यादव | गोपालमान श्रेष्ठ | डा.शशांक कोइराला | सुनिलबहादुर थापा | उमा रेग्मी | एनपी साउद | |

# मापदण्ड नमान्ने ‘बा’हरू

कोरोना महामारीको प्रकोपले राजधानी उपत्यकासहित पूरा देश प्रताडित भइरहँदा शीर्ष नेताहरू आफैले भने आवश्यकता सतर्कता नअपनाए पनि सन्देश दिन पछि देखिदैनन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १४ माघ ।

प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओली कोरोना महामारीको स्वास्थ्य मापदण्ड मिचेर सार्वजनिक कार्यक्रममा सहभागी भएका छन् । कोरोना संक्रमणबाट मुक्त नहुँदै ओली बुधबार आफ्नै निवास बालकोटमा आयोजित रक्तदान कार्यक्रममा सहभागी भए ।

सामाजिक दुरी कायम गरेर बस्न सहभागीलाई अनुरोध गरिएको थियो । तर सहभागीले ‘बा’ भएसी हामीलाई के हुन्छ र ? भनेको विषय भिडियो क्लिप सावर्जनिक भयो । एमाले नेता कार्यकर्ताले भने सामाजिक सञ्जालदेखि प्रतिक्रियामा समेत यसको बचाउ गर्दै आएका छन् । एमाले नेता महेश बस्नेत भने अध्यक्ष ओलीको स्वास्थ्यलाभका लागि रक्तदान कार्यक्रमको आयोजना गरेको प्रतिक्रिया दिन्छन् ।

‘ओमिक्रोन भाइरसका कारणले संक्रमित भएर अस्पतालमा रहेका बिरामीलाई रगतको कमी नहोस् भन्ने उद्देश्यका साथ यो कार्यक्रम आयोजना गरिएको हो,’ नेता बस्नेत भन्छन् । विश्लेषक तथा लेखक अरुणकुमार सुवेदी, अध्यक्ष ओलीले स्वास्थ्य मापदण्ड अवज्ञा गरेबापत् माफी माग्नुपर्ने बताउँछन् । “कोभिड लकडाउनको अवज्ञा गरे बापत धेरै देशका मन्त्रीले राजिनामा दिएका छन् ।

भक्तपुरस्थित आफ्नै निवास बालकोटमा कोरोना संक्रमित केपी ओली । तस्वीरः रासस



कम्तीमा माफीनामा त आउनु पर्ने तपाइको । आफू पोजिटिभ भएको पुष्टि गर्दै सार्वजनिक समारोहमा भौतिक सहभागी हुन मिल्छ ? पक्षमा जति रफ्फु मास्टर भए नि यो भ्वाङ चाहिँ टालिन्न है”,

– बाँकी पृष्ठ २ मा

# भेट नपाएको आयोग

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १४ माघ ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले प्रधानमन्त्री शेरबहादुर देउवासँग एक सातादेखि समय मागिरहेका छन् । तर प्रधानमन्त्री देउवाले प्रमुख आयुक्तलाई भेटको समय दिएका छैनन् । प्रमुख आयुक्त थपलियाले लिएर आउने सन्देशबारे प्रष्ट भएका प्रधानमन्त्री देउवा समय दिने पक्षमा समेत छैनन् ।

स्रोतका अनुसार, प्रमुख आयुक्त थपलियाको गतिविधिबाट प्रधानमन्त्री देउवा रुष्ट छन् । त्यसैले भेट्न चाहिरेका छैनन् । यसअघि प्रधानमन्त्री देउवाले दुई पटक प्रमुख आयुक्त थपलियासहित आयुक्तहरुसँग भेटवार्ता गरेका थिए । तीन महिना अगाडि कात्तिक ८ गते प्रधानमन्त्री देउवासँग भेटेर आयुक्तहरुले वैशाखभित्रै स्थानीय तहको निर्वाचन गर्न सुझाव दिएका थिए । तर प्रधानमन्त्री देउवाले कुनै कदम नचालेपछि फेरि पुस ८ गते फेरि आयुक्तहरुले भेटे ।

> प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले प्रधानमन्त्री शेरबहादुर देउवासँग भेटका निम्ति एक सातादेखि समय मागिरहेका छन् । तर प्रधानमन्त्री देउवाले आयोगको कुनै कुरा नसुन्ने संकेत गरेका छन् ।

यसको दुई साता बित्दा पनि प्रधानमन्त्री देउवाले चुनावको मिति घोषणा गरेनन् । आयोगले पुस ३० गते सर्वदलीय बैठकको आयोजना गर्‍यो । यो बैठकमा प्रमुख आयुक्त थपलियाले स्थानीय तह चुनावको मिति प्रस्ताव गरे । वैशाख १४ गते चुनाव गर्नुपर्ने प्रस्ताव गरेका थिए ।

उनले दोस्रो विकल्प समेत अगाडि सारे । एकैचरणमा चुनाव गराउन संभव नभए वैशाख १४ र २२ गते चुनाव गर्न सकिने थपलियाको प्रस्ताव थियो । तर प्रधानमन्त्री देउवाले माघ ७ गते राष्ट्रको नाममा सम्बोधन गर्दै चुनाव आउने वर्षभित्र हुने मात्रै भने । तर मिति घोषणा गरेनन् । यसपछि माघ ९ गते आयोगले बक्तव्य जारी गरेर वैशाखभित्र चुनाव गर्नुपर्ने सन्देश सार्वजनिक गर्‍यो । प्रधानमन्त्री देउवाले आयोगलाई समय नदिएपछि सार्वजनिक बक्तव्य जारी गरिएको थियो । तर बक्तव्य जारी भएपछि प्रधानमन्त्री देउवाले आयोगको कुरै सुनेनन् ।

आयोगले पनि शुक्रबार कानून मन्त्रीलाई बोलाएको थियो । तर प्रधानमन्त्रीले तदारुकता नदेखाएसम्म कानूनमन्त्री बोलाएर मात्रै केही हुने संभावना छैन । जबकी आउने वैशाखभित्र चुनाव नभए स्थानीय जनप्रतिनिधिबारे कानूनी समस्या आउने देखिन्छ । स्थानीय तह निर्वाचन ऐन-२०७३ ले आउने जेठ ५ गते जनप्रतिनिधिहरुको कार्यकाल सकिने व्यवस्था गरेको छ । तर प्रधानमन्त्री देउवा र सत्ता गठबन्धनले भने संविधानको धारा २२५ ले स्थानीय चुनाव कार्यकाल सकिएको ६ महिनाभित्र गरिसक्ने व्यवस्था गरेको बताउँदै आएका छन् ।

# श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान सरकारको अपील

**काठमाडौं/रासस–** भिजिट भिसामा खाडीलगायत मुलुक पुगेर कयौं नेपाली अलपत्र परेका विषय सार्वजनिक भएसँगै सरकारले श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान अपिल गरेको छ ।

वैदेशिक रोजगारीको प्रलोभन देखाएर पर्यटन तथा अन्य भिसामा खाडी क्षेत्रका विभिन्न मुलुक, दक्षिणपूर्वी एसियाली मुलुक, युरोपेली तथा अमेरिकी मुलुक र अफ्रिकी महादेशका केही देशहरूमा गैरकानूनी रूपमा पुर्‍याई नेपाली नागरिकलाई अलपत्र पारेको, ठगीमा परेको, विभिन्न समस्या तथा अप्ठ्यारामा परेको गुनासो आइरहेको भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सो अपिल गरेको हो ।



वैदेशिक रोजगार विशेष

राम्रो रोजगारी र आकर्षक तलब सुविधा पाउने लोभमा कानूनले तोकेको प्रक्रियाभन्दा बाहिरबाट वैदेशिक रोजगारीमा जान नमिल्नेतर्फ ध्यानाकर्षण गराउँदै मन्त्रालयले गन्तव्य मुलुकका बारेमा पूर्ण जानकारी लिई नियमअनुसार श्रम स्वीकृति प्राप्त गरी मात्र वैदेशिक रोजगारीमा जान आग्रह गरेको हो ।

वैदेशिक रोजगारीको प्रलोभन देखाइ विदेशका कयौं मुलुकमा नेपाली नागरिकलाई अलपत्र पारेको भनी इजाजतपत्र प्राप्त संस्था, शैक्षिक परामर्शदाता संस्था, ट्राभल्स एजेन्सी र विभिन्न विचौलियाविरुद्ध उजुरीहरू प्राप्त भएको श्रम मन्त्रालयका सहप्रवक्ता थानेश्वर भुसालले जानकारी दिए ।

‘विदेशमा रोजगारीको अवसर प्राप्त भइसकेपछि यस मन्त्रालयअन्तर्गत निकायबाट श्रम स्वीकृति नलिई विभिन्न वहानामा वैदेशिक रोजगारीमा जानु पूर्णतः गैरकानूनी कार्य हो,’ उनले भने ।

वैदेशिक रोजगारीको सन्दर्भमा नेपाली नागरिकलाई विदेशी भूमिमा अलपत्र पार्ने जो सुकै संस्था वा व्यक्तिलाई प्रचलित कानूनबमोजिम कारबाहीको दायरामा ल्याउन र पीडितलाई न्याय दिलाउन प्रतिबद्ध रहेको मन्त्रालयले जनाएको छ ।

सरकारले वैदेशिक रोजगारीमा पुगेर पीडित बनेकालाई न्याय दिलाउन गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा कार्यदलसमेत गठन गरेको छ । श्रम मन्त्रालयलेसमेत वैदेशिक रोजगार विभागका निर्देशकको संयोजकत्वमा तत्काल प्रतिउत्तर कार्यटोली र यस मन्त्रालयका उपसचिवको संयोजकत्वमा मार्सल टोली गठन गरिसकेको छ ।

वैदेशिक रोजगार ऐन, २०६४ र यसअन्तर्गत बनेका नियमका अधिनमा रही सरकार, इजाजतपत्र प्राप्त संस्थाहरु (म्यानपावर कम्पनी) र व्यक्ति स्वयं जिम्मेवार भई वैदेशिक रोजगारीमा पठाउन सकिने व्यवस्था छ ।

# ‘खोप अभियानले दोस्रो तथा तेस्रो लहरमा हुनसक्ने जोखिमलाई कम हुने’



**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडाले कोरोना भाइरस विरुद्धको खोप अभियानले दोस्रो तथा तेस्रो लहरमा हुनसक्ने निकै ठूलो जोखिमलाई कम गर्न सकिएको बताएका छन् ।

खोप अभियान सञ्चालन एक वर्ष पुगेको अवसरमा शुक्रबार सबैलाई धन्यवाद दिँदै उनले भने, ‘हामी सबैको प्रयासले ठूला सम्भावित जोखिमहरूलाई कम गर्दै हामी पुस्ताको यो सबैभन्दा चुनौतीपूर्ण महामारीबाट बाहिर आउन सबैको सहयोग अपरिहार्य रह्यो ।’ गतवर्ष आजकै दिनदेखि कोरोना भाइरस विरुद्धको खोप अभियान सञ्चालन भएको थियो ।

‘नेपाल खोप उत्पादक देशहरूभन्दा पछि खोप अभियान सुरुआत गर्ने विश्वका सीमित देशमा सबैभन्दा अगाडि रहेको थियो’ उनले भने ।

नेपालमा कोभिसिल्ड, अस्ट्राजेनका, भरोसेल, जोन्सन एण्ड जोन्सन, मोडर्ना, फाइजर खोप प्रयोगमा ल्याइएको छ। विगत दुई वर्षदेखि कोभिड-१९ सङ्क्रमण विश्वव्यापी चुनौती बन्दै गरेको उल्लेख गर्दै उनले सरकारले सबै उपाय अवलम्बन गरेर नागरिकको जीवनरक्षा गर्ने उपाय गरिरहेको बताएका छन् ।

शुक्रबारसम्ममा १२ वर्ष माथिमा सबैका लागि खोप अभियान सुरु गरिसकिएको भन्दै उनले नेपालमा चार करोड २० लाख ८९ हजार ५४० मावा खोप विभिन्न विधिबाट प्राप्त भएको र तिमध्ये तीन करोड छ हजार चार हजार १५२ मात्रा प्रयोग भइसकेको बताए ।

अठार वर्ष माथिका लक्षित जनसङ्ख्याको ७० प्रतिशत जनसङ्ख्याले पूर्ण मात्रा र ८३ प्रतिशतले एक मात्रा खोप लगाइसकेका छन् । बाह्र वर्षदेखि १७ वर्षका १८ लाख ७२ हजार ६७० जना बालबालिकाले पहिलो मात्रा र तीन लाख ५८ हजार २१८ बालबालिकाले पूर्ण मात्रा खोप लगाइसकेका छन् । अग्रपंक्तिमा रहेर काम गर्नुपर्ने पेशाका झण्डै तीन लाखलाई अतिरिक्त मात्रा खाप लगाइसकिएको छ ।

मन्त्री खतिवडाले कोभिड-१९ संक्रमणको जोखिम कायमै रहेको उल्लेख गर्दै अझै धेरै जनालाई खोप लगाउन बाँकी रहेकाले खोप अभियानलाई तीव्रताका साथ अगाडि बढाउन र बाँकी उमेर समूहलाई खोपको व्यवस्थापन गर्नुपर्ने रहेको बताए ।

खोप तथा खोपजन्य सामग्रीको विश्वव्यापी चुनौतीका बीच खोप अभियानलाई सुचारु गर्न केन्द्र, प्रदेश, स्थानीय तहको सहयोग र सहजीकरण गर्नुहुने सबै राष्ट्रिय, अन्तर र्राष्ट्रिय संघ, संस्था, निकाय, जनप्रतिनिधि, खोप व्यवस्थापन तथा समन्वयमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीलगायत सबैमा मन्त्री खतिवडाले हार्दिक आभार प्रकट गर्न भएको छ ।

## जनसंख्या घट्यो गुल्मीको

**अनिष पन्थी/मध्यान्ह**
गुल्मी, १४ माघ

१० वर्षयता गुल्मीमा बसोबास गर्नेको संख्या घटेको पाइएको छ। हालै सार्वजनिक नेपालको जनगणनाको तथ्यांक हेर्दा गुल्मीमा गत दश बर्षको तुलनामा जनसंख्या घटेको उल्लेख गरिएको छ। धेरै जनसंख्या रेसुङ्गा नगरपालिकामा र सबैभन्दा कम जनसंख्या कालीगण्डकी गाउँपालिकामा रहेको छ ।

’मेरो गणना, मेरो सहभागीता’ भन्ने नाराका साथ सुरु भएको राष्ट्रिय गणना २०७८ मा प्रारम्भिक नतिजा अनुसार गुल्मीको कुल जनसंख्या २ लाख ४६ हजार ८ सय ३६ रहेको छ।

राष्ट्रिय जनगणना २०६८ अनुसार भने गुल्मीको कुल जनसंख्या २ लाख ८० हजार १ सय ६० रहेको थियो । २०६८ को तुलनामा अहिलेको जनसंख्या ३३ हजार ३ सय २४ ले घटेको छ ।

दुई नगरपालिका र दश गाउँपालिका भएको गुल्मीमा ६१ हजार २ सय २२ घरधुरीमा र ६६ हजार ७ सय २५ परिवारको गणना भएको थियो। गुल्मीको बार्षिक जनसंख्या वृद्धिदर -१.२२ रहेकोसमेत तथ्यांकमा उल्लेख गरिएको छ । अहिलेको प्राम्भिक नतिजा अनुसार गुल्मीमा पुरुषको संख्या १ लाख १२ हजार ७ सय ८८ र महिलाको संख्या १ लाख ३४ हजार ४८ पुगेको छ भने २१५ जन घनत्व रहेको तथ्यांकमा उल्लेख छ ।

रेसुङ्गा नगरपालिकामा १६ हजार ९ सय ८१ रहेको छ भने मुसिकोट नगरपालिकामा १५ हजार ३ सय ९० जनसंख्या रहेको छ। यस्तै चन्द्रकोट गाउँपालिकामा कुल जनसंख्या १० हजार १ सय ४६, छत्रकोट गाउँपालिकामा १० हजार ६ सय ३८, धुर्कोट गाउँपालिकामा १० हजार ४ सय १४ र गुल्मीदरबार गाउँपालिकामा १० हजार ९ सय २३ जनसंख्या रहेको छ। यसैगरी इस्मा गाउँपालिकामा १० हजार ७७, कालीगण्डकी गाउँपालिकामा ८ हजार २१, मदाने गाउँपालिकामा १० हजार ८ सय ३५, मालिका गाउँपालिकामा १० हजार ९ सय १०, रुरुक्षेत्र गाउँपालिकामा ९ हजार ११ र सत्यवती गाउँपालिकामा १० हजार ६ सय ९५ जनसंख्या रहेको छ ।

राष्ट्रिय जनगणना २०७८को प्राम्भिक नतिजा अनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४ सय ८० रहेको छ ।

### जम्बो ....

दिने नेताहरु समेटिएका छन् । बलबहादुर केसी र डा.शशांक कोइराला दुवै प्यानलमा थिए। यसबाहेक देउवा प्यानलबाट उम्मेद्वार बनेर पराजित बिजय गच्छदार, प्रकाशशरण महत देखि जीवनबहादुर शाही समेत कार्य सम्पादन समितिमा अटाए । तर कोइराला प्यानलबाट उपसभापतिमा पराजित चन्द्र भण्डारी, महामन्त्रीमा पराजित मीनेन्द्र रिजाल समेत कार्य सम्पादन समितिमा परेनन्। अर्थात् सभापति देउवाले आफू अनुकुल निर्णय गरे भने भावी निर्णयका निम्ति समेत संरचना तयार पारे ।

सभापति देउवाले अरु निर्णयहरुमा पनि एक्लौटी गर्दै आएका छन् । वरियता निर्धारण, केन्द्रीय सदस्य मनोनीत देखि राष्ट्रियसभाका उम्मेद्वार चयनमा पनि देउवाले आफूखूशी निर्णय गरे। जबकी काँग्रेसले १६९ सदस्यीय केन्द्रीय कार्य समितिको व्यवस्था गरेको छ। सबै क्षेत्र समेट्न भनेर जम्बो केन्द्रीय समिति बनाए पनि निर्णयमा भने नेतृत्वको मनमौजी देखिएको छ भने संस्थापन इतर समूहलाई जबर्जस्त किनारामा धकेलिएको छ ।

काँग्रेसमा मात्रै नभएर प्रमुख विपक्षी दल नेकपा एमाले, सत्ता साझेदार दल नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टीमा समेत त्यही प्रवृत्ति देखिएको छ। मंसिरमा १०औं महाधिवेशन गरेको एमाले र पुस दोस्रो साता सातौं महाधिवेशन गरेको माओवादी केन्द्रमा त केन्द्रीय सदस्य समेत अनुकुल घोषणा भएका थिए । ओलीले आफूसहित २९९ सदस्यीय केन्द्रीय सदस्यको नाम आफैले घोषणा गरेका थिए । पदाधिकारी पनि ओली आफैले घोषणा गरे भने नेताहरुको जिम्मेवारी निर्धारण, केन्द्रीय सदस्य मनोनयनमा पनि मनमौजी गरे ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पनि आफ्नो सहित २३६ केन्द्रीय सदस्यको नामावली आफैले महाधिवेशन हलमा पढेर सुनाएका थिए। आफू निर्विरोध अध्यक्ष घोषित भएका प्रचण्डले पदाधिकारी समेत बनाउन सकेका छैनन् ।

### मापदण्ड..

विश्लेषक सुवेदी भन्छन् । मूलुकी अपराध संहिताको परिच्छेद ५ मा आरोप प्रमाणित भए मुलुकी अपराध संहिता ऐन बमोजिम १० वर्ष कैद र रू. १ लाख जरिवाना वा दुवै सजाय हुन सक्छ। संहितामा यस्तो छ- संक्रामक रोग फैल्याउनेलाई कारबाहीको गरिने प्रावधान राखिएको छ । आरोप पुष्टि भए ओलीलाई मूलुकी अपराध संहिता ऐन बमोजिम कारबाही हुनसक्ने समेत देखिन्छ ।

### अरुमा पनि समस्या

ओली मात्रै नभएर अन्य दलका शीर्ष नेताहरु पनि स्वास्थ्यमापदण्डको पूर्ण पालना गरेको देखिदैंन । कोरोना संक्रमण ब्यापक फैलदाँ पनि नेताहरु भेटघाट र कार्यक्रममै ब्यस्त देखिन्छन् । कतिपयले त भिडभाडमा बोल्दा मास्क खोल्ने, भौतिक दुरी कायम गर्ने विषयमा पनि पूर्ण वेवास्ता गरेको देखिन्छ ।

जनतामाझ जाँदा कोरोनाको मापदण्ड पालना गर्न अनुरोध गरेपनि उच्चपदस्थ स्थानमा रहेकाहरु आफैं त्यसको वेवास्ता गरिरहेका छन् । सरुवारोग विशेषज्ञ डा. शेरबहादुर पुन पनि उच्चपदस्थ व्यक्तिबाटै स्वास्थ्य मापदण्डको पालना नहुनु दुखद भएको बताउँछन् । “अहिले भिडभाड गर्ने, मान्छे बटुल्ने समय होईन, अझ संक्रमित त उच्च सावधानीका साथ बस्नुपर्छ,” डा. पुन भन्छन्। चिकित्सकहरुले कोरोनाको जोखिम उच्च रहेको बताउँदा पनि उच्च पदस्थ र नागरिक तहबाटै स्वास्थ्य मापदण्डको उल्लंघन हुँदा कोरोनाको जोखिम थप बढ्नसक्ने देखिन्छ ।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/१०/२२ मा दर्ता भएको **प्रा.लि. नं. २०८१२३** को **रिया जब प्लेसमेन्ट प्रा.लि.** को मिति २०७८/१०/१४ मा सम्पन्न एकल शेयरधनीको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
ईमेल : rokayasherbahadur723@gmail.com

**डि.बि.ट्रेड लिंक प्रा.लि को दर्ता खारेज गरिने भएकोले हकदावी गर्ने सम्वन्धी लिक्वीडेटरको ३५ दिने सूचना**

पहिलो पटक प्रकाशित मिति २०७८।१०।१५

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको **प्रा.लि नं ११७७०२** (दर्ता मिति २०७०।०८।२८) को **डि.बि.ट्रेड लिंक प्रा.लि** को मिति २०७८।०९।१५ मा बसेको बार्षिक साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वीडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुदाँ यस कम्पनीमा कोहि कसैको कुनै बाँकि बक्यौता वा लेनदेन आदी बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा प्रतिनिधी मार्फत हकदावी गर्न निम्न लिखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा कम्पनी ऐन २०६३ बमोजिम कम्पनी खारेजी भई जाने व्यहोरा जानकारी गराईन्छ ।
**लिक्वीडेटरः कुमार राज जोशी, दामासाथी व्यवसायी**
**ईजाजत प्रमाण पत्र नं २१४, बुद्धनगर, काठमाडौं**
**फोन नं ०१४७९३५५५, मोवाईल नं ९८५१०१८२८२**
Email: joshikumar@gmail.com

**ग्लोब सीट ड्रिंक नेपाल प्रा.लि.को दर्ता खारेज गरिने भएकोले हकदावी गर्ने संम्वन्धी लिक्वीडेटरको ३५ दिने सूचना**

पहिलो पटक प्रकाशित मिति २०७८।१०।१५

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वरमा दर्ता भएको **प्रा.लि नं ७९५५५** (दर्ता मिति २०६७।०९।२९) को **ग्लोब सोफ्ट ड्रिंक नेपाल प्रा.लि** को मिति २०७८।१०।०५ मा बसेको एकल शेयरधनीको निर्णयले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वीडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुदाँ यस कम्पनीमा कोहि कसैको कुनै बाँकि बक्यौता वा लेनदेन आदी बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा प्रतिनिधी मार्फत हकदावी गर्न निम्न लिखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा कम्पनी ऐन २०६३ बमोजिम कम्पनी खारेजी भई जाने व्यहोरा जानकारी गराईन्छ ।
**लिक्वीडेटरः कुमार राज जोशी, दामासाथी व्यवसायी**
**ईजाजत प्रमाण पत्र नं २१४, बुद्धनगर, काठमाडौं**
**फोन नं ०१४७९३५५५, मोवाईल नं ९८५१०१८२८२**
Email: joshikumar@gmail.com

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं**
**सडक डिभिजन चरिकोट**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मितिः-२०७८/१०/१५**

यस कार्यालयको मिति २०७८/०७/०२ र मिति २०७८/०७/१६ को राष्ट्रिय दैनिकमा प्रकाशित क्रमशः सूचना नं ०२-०७८/७९ र ०३-०७८/७९ अनुसार तपसिल बमोजिमका निर्माण व्यबसायीहरुको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्रदाताको जानकारीको लागी जारी गरिएको छ ।

**तपसिल**

| सि.न | ठेक्का नं | स्वीकृतका लागी छनोट भएका बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र पी.एस सहित) |
|---|---|---|---|
| 1 | DROCHT/33701122-4/078/79-04 | Surya-Abhiyan-Adarsha JV, Kathmandu | 72,649,942.77 |
| 2 | DROCHT/33701169-4/078/79-05 | Waiba Lama /Shanti devi JV, Gokarneshwor, Kathmandu | 14,611,164.25 |
| 3 | DROCHT/33701169-4/078/79-06 | Jalukeni-Shankar JV, Manthali-01, Ramechhap | 11,181,753.85 |
| 4 | DROCHT/33701169-4/078/79-07 | Aattreya-Tribeni JV, Mulpani, Kathmandu | 28,477,907.60 |
| 5 | DROCHT/33701169-4/078/79-08 | Waiba Lama /Shanti devi JV, Gokarneshwor, Kathmandu | 28,247,778.82 |

**डिभिजन प्रमुख**

**प्रसौनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**प्रसौनी, बारा**
**प्रदेश नं. २, नेपाल**

**बोलपत्र रद्द गरिएको सुचना**

**प्रकाशित मिति : २०७८/१०/१३**

मिति २०७८/०८/२७ जनसवाल राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार पर्न आएका बोलपत्रको प्रतिस्पर्धा न्यून देखिएकोले उक्त ठेक्काहरू रद्द गरी प्रतिस्पर्धा बढाउन E–Bidding विधुतीय बोलपत्रको माध्यमबाट ठेक्का बन्दोबस्त प्रकृया अगाडी बढाउने गरी (मिति २०७८/१०/१३ गते बसेको कार्यपालिका बोर्डको बैठकबाट) निर्णय भएको ब्यहोरा सम्बन्धित सबैमा जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**कतारमा रोजगार** | कम्पनी : BECON TRADING, शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/१०/१३ चलानी नं.: ६०१७३५५६ LT. No.: 256927

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Marketing Represnt | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Supervisor | 1 | 0 | | 2500 | ८२,३०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ माघ २२ गते (5 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**स्टार रे ओभरसिज प्रा. लि.**
बागडोल, रिङ्गरोड, ललितपुर, पोष्ट बक्स नं. १२४८१, नेपाल, फोनः ५१९०१११, ५१९०११२, फ्याक्सः ५१९०११०
श्रम इजाजत नं. २८१/०५८/०५९
E-mail: starray281@gmail.com | Web: starrayoverseas.com.np

**साउदीमा रोजगारको अवसर** | १. कम्पनीः EASTERN CONSTRUCTION MAINTENANCE COMPANY, शहरः RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०८/१४ चलानी नं.: ६०१६९१७१ LT. No.: 252285 पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Labour | 99 | 0 | स. काममा दक्ष | 1000 | ३१,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः EASTERN CONSTRUCTION MAINTENANCE COMPANY, शहरः RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०८/१४ चलानी नं.: ६०१६९१७२ LT. No.: 252283 पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Labour | 99 | 0 | स. काममा दक्ष | 1000 | ३१,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २२ गते (5 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Blue Galaxy Overseas Pvt. Ltd.**
Sinamangal -09, Kathmandu, Near by Panchakumari Temple, Nepal
Tel: 014583715, 014586915 Fax no: 014585936. Email : info@bluegalaxyovs.com
Gov. Lic. No. 186/057/058
Mobile No.: 9841337113 / 9869346269 . Website : www.bluegalaxyovs.com

**साउदीमा रोजगार** | कम्पनीः Saudi Manpower Solution Company, शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७८/१०/१४ चलानी नं.: ६०१७३६०८ LT. No.: 257227

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २२ गते (5 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Miracle Employment Service (P.) Ltd**
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal
Tel.: 01- 4416930, 4415239
Fax: 4415294, Email: miraclems@wlink.com.np
श्रम इजाजत पत्र नं.: ७१९/०६४/०६५

**कतारमा रोजगार** | १. कम्पनीः DOHA INTERTEK TRADING & CONTRACTING, शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०३/२१ चलानी नं.: ६०१५९७२० L.T. No.: 241985 पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 50 | 0 | स. काममा दक्ष | 1000 | ३२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः Al Tagdeed Contracting and Trading, शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०१/१५ चलानी नं.: ६०१५८१४९ L.T. No.: 240103 पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Reinforc Fitter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,४९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Worker | 3 | 0 | | 1000 | ३२,९१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ माघ २२ गते (5 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512 | Email: info.royal1034@Gmail.com

# बाजुराका हिमाली क्षेत्रमा हिमपात, जनजीवन प्रभावित

**देबराज पाध्याय/मध्यान्ह**
बाजुरा, १४ माघ

निरन्तर पानी तथा हिमपातले बाजुराका हिमाली क्षेत्रमा हिउँपात भएको छ ।

हिमपात भएसँगै यहाँका क्षेत्रमा चिसो बढेको छ । जसले गर्दा जनजीवन समेत प्रभावित भएको छ। मंगलबार राति देखि नै एकाएक पानीसँगै हिउँ परेपछि यहाँ असाध्यै चिसो बढेर जनीवन प्रभावित भएको हो । जिल्ला सदरमुकाम मार्तडी नजिकै हिउँ परेपछि मार्तडी, आटीचौर, बुढीननन्दा, गौमुल, हिमालिका लगायत जिल्लाको विभिन्न क्षेत्रमा चिसो बढेर जनजीवन प्रभावित बनेको छ ।

यहाँका स्थानीयहरु एक ठाउँबाट अर्को ठाउँमा आवत जावतमा गर्न समेत चिसोका कारण समस्यामा परेका छन् भने जिल्लाको उत्तरपूर्वी भेगमाबाट मानिसहरु जिल्ला सदरमुकामसम्म आवतजावत गर्न समस्यामा परेका छन् ।

सदरमुकाम मार्तडीबाट आउन जानका लागि एकमात्र सडक मार्ग अवरुद्ध भएको छ। कुन्ना क्षेत्रका चार स्थानीय तह लगायत हुम्ला, मुगु र बाजुराको कोल्टी एर्पोटसम्म जान समेत समस्या भएको छ ।

जिल्ला सदरमुकाममा समेत अत्याधिक चिसो बढेसँगै जिल्लाको दैनिक कार्य समेत प्रभावित भएको जिल्ला प्रशासन कार्यालय बाजुराले जनाएको छ ।

निरन्तर हिमपातका कारण बाजुराको मार्तडी कोल्टी सडकखण्ड समेत दुई दिनदेखि बन्द भएको बुढीनन्दा नगरपालिका वडा नं. ९ का गणेश बहादुर रोकायाले मध्यान्हलाई जानकारी दिए।

बाजुराको उत्तरपूर्वी क्षेत्रका ४ वटा स्थानीय तह तथा हुम्ला, मुगुमा समेत सञ्चार सेवा विहिन बनेको छ । टावरमा रहेका सोलारका ब्याट्रीमा चार्ज नभएपछि सञ्चार विहिन बनेको टेलिकम बाजुराका निमित्त कार्यालय प्रमुख मान बहादुर रोकायाले बताए ।

बाजुराको उत्तरी भेगका ४ स्थानीय तहलगायत हुम्ला,मुगु र कालिकोटका केही टावरसँग लिंक जोडिएको पोरखे लेखमा रहेको टावरका ब्याट्रीमा पावर नहुँदा उत्तरी भेगमा सञ्चार विहिन भएको टेलिकम बाजुराले जनाएको छ ।

सो क्षेत्रको टेलिफोन तथा इन्टरनेट समेत नहुँदा त्यहाँका स्थानीय तहको कामकाज समेत प्रभावित भएको छ ।

उत्तरपूर्वी क्षेत्रमा लगातार चार दिनबाट पानी तथा हिमपात भएसँगै नेपाल टेलिकमका बडिमालिका नगरपालिकाको कालाजग्रा, बुढीनन्दा नगरपालिकाको कोल्टी, जगनाथ गाउँपालिकको लेखमा रहेको टावर हिउँले ढाकिएको छ ।

शिक्षक हस्त बहादुर धामीले भने, 'चार दिन भो, कतै पनि फोन नलाग्दा समस्या भएको छ।' हिमपातका कारण लेक तिरका बस्तीहरु चिसो छल्न बेसीतिर झरेका छन् भने चिसोका कारण कोरोना भाईरसका बिरामी समेत बढेका छन् । चिसोले गर्दा जेष्ठ नागरिक तथा बालबालिकाहरु बढी प्रभावित भएका छन् । चिसोबाट निमोनिया, रुघाखोकी, ज्वरोका बिरामी समेत बढेका चुथी स्वास्थ्य चौकीका इन्चार्ज काशिचन्द्र पाध्यायले बताए । चिसोमा अत्यावश्यक काम बाहेक कोही पनि घरबाहिर निस्कन सकेका छैनन् । स्वास्थ्य चौकीका इन्चार्ज पाध्यायले घरमा बसेर तातो झोलिलो खानेकुरा खान र स्वास्थ्यमा ध्यान दिन समेत आग्रह गरेका छन् ।



## आधारभूत सीप विकास तालिम सम्पन्न

**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, १४ माघ

कपिलवस्तुमा १५ दिने आधार भूत डलकुसन बुनाई तथा सीप विकास तालिम सम्पन्न भएको छ।

कृष्णनगर नगरपालिकाको आयोजनामा वडा नं ९ बहादुरगंजमा 'सीप सिकौं स्वरोजगार बनौं' भन्ने मूल नाराका साथ गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत १५ दिने आधारभूत डलकुसन बुनाई तथा सीप विकास तालिम सञ्चालन गरिएको हो । १७ जना प्रशिक्षार्थी सहभागी रहेको उक्त तालिम लक्ष्मी देवी कुँवरको प्रशिक्षणमा भएको थियो । तालिमको समापन कार्यक्रममा बोल्दै वडा अध्यक्ष राम मिलन चौधरीले सीप विकास तालिमले स्वरोजगार बन्न महत्वपूर्ण भूमिका खेल्ने बताए । कार्यक्रमा विवेक पौडेल, चतुर्भुज कहार, विकास थारु, चेतना बुढाथोकी, विनिता केसी लगायतको उपस्थिति रहेको थियो ।


## बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**बेलबारी, मोरङ**
**१ नं प्रदेश, नेपाल**

### दरभाउपत्र स्वीकृत गर्ने आसयको सूचना

**प्रकाशित मिति २०७८।१०।१५**

प्रस्तुत विषयमा यस नगरपालिकाकाको तपशिल बमोजिमको कार्यका लागि तोकिएको समयवधि भित्र कार्यालयमा दर्ता भएका दरभाउपत्रदाता मध्ये देहाय बमोजिमको दरभाउपत्रदाताको प्रस्ताव सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम (१०) बमोजिम स्वीकृत गर्ने आसयको सूचना सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागी प्रकाशित गरिएको छ ।

**तपशिल :**

| सि.नं. | परामर्शदाताको नाम, ठेगाना | कामको विवरण र ठेक्का नं. | कबोल अंक रु. (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|
| १. | श्री सि.पि.एन ईन्फोसिस प्रा.लि., ईटहरी सुनसरी | Supply and Delivery of Tablet as per Specification (BM/MOR/G/SQ-11/2078/079) | रु. ४,८२,९९९।९५ | |

**बोधार्थ :**
श्री मेघा सोलुसन, विराटनगर मोरङ ।
श्री सिद्दार्थ ईलेक्टोनिक्स प्रा.लि., बेलबारी मोरङ ।
श्री सि.वि.एस ईन्टरप्राईजेज, अनामनगर, काठमाडौ ।
श्री आर.के.टेडर्स, सुन्दरहरैचा, मोरङ ।

**प्रमुख प्रशासकिय अधिकृत**

## Chaurjahari Municipality
## Office of the Municipal Executive

**Chaurjahari, Rukum west**
**Karnali Province , Nepal**

### INVITATION OF BID

First date of publication: - 2078.10.14 B.S.

1. The Chaurjahari Municipality invites bids from eligible suppliers for the **Supply, Delivery, Construction, Installation and Commissioning of High mast lightening Tower Chaurjahari Municipality, Rukum (West).**
2. Eligible Bidders may obtain further information from website www.chaurjaharimun.gov.np and inspect the Bidding Documents at the office of the Chaurajahari Municipality, Rukum (West) .
3. A complete set of Bidding Documents may be purchased from the office of Chaurjahari Municipality and the office Chaurjahari, Rukum (West) Phone No. 9857826111 by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 3000.00 till 2078.11.15, 5:00 PM during office hours.
   **Name of the Bank** : **Rastriya Banijya Bank** **Name of Office** : **Chaurjahari Municipality**
   **Office Code no.** : **Office Account no.** : **4330100301010002**
   Rajaswa (revenue) Shirshak no. :
4. Sealed bids must be submitted to the office Chaurjahari Municipality by hand on or before 12:00 PM on 2078.11.16. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2078.11.16, 2:00 PM at the office of Chaurjahari, Rukum (West). Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 64,600.00 which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.4330100303000002 at Rastriya Banijya Bank, Chaurjahari, Rukum (West) and submit the receipt of the deposited amount of cash along with the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bid without assigning any reason, whatsoever.

| Contract No. | Name Of Work | Bid document fee (Non- refundable) | Bid Security | Remarks |
|---|---|---|---|---|
| CJM/WORKSS/ NCB/11/078/079 | Supply, Delivery, Construction, Installation and Commissioning of High Mast Lightening Tower Chaurjahari Municipality, Rukum (West) | NRs. 3000/- | Nrs.64,600.00 | |

Chief Administrative Officer



## UAE मा रोजगार | कम्पनी: SELECTIVE MANPOWER SERVICES L.L.C. शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७८/१०/२८ चलानी नं.: ६०१७३६०७ L.T. No.: 256938

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Motorcyclist | 200 | 0 | स. काममा दक्ष | 2050 | ६६,८७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ माघ २२ गते (5 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Amity Global Employment Services Pvt. Ltd.**
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366 , 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com

## साउदीमा रोजगारको अवसर | कम्पनी: CARMALAH CAFE TO SERVE DRINKS शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/१०/१३ चलानी नं.: ६०१७३५४८ LT. No.: 257101

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee and Tea Maker and Others | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,३२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २२ गते (5 February 2022) मा हुनेछ ।

